नेपाल सरकारबाट स्वीकृत मिति : २०६८/०३/२८

# लागुऔषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०६८

प्रस्तावना :

लागुऔषध प्रयोगकर्ताहरूको उपचार तथा पुनःस्थापन गर्ने सन्दर्भमा लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ को (ञ३) को प्रयोजनको लागि संस्था दर्ता ऐन, २०३४ बमोजिम खोलिएका उपचार तथा पुनःस्थापन केन्द्रहरूद्वारा प्रदान गरिने सेवा प्रवाह तथा केन्द्रको सञ्चालन गर्न मिति २०६०।६।२६ मा निर्धारण गरिएको मापदण्डलाई समयानुकूल परिवर्तन एवं परिमार्जन गरी देशभरि छरिएर रहेका उपचार तथा पुनःस्थापना केन्द्रहरूको कार्य सञ्चालनमा एकरूपता ल्याई उपचार, परामर्श एवं पुनःस्थापन कार्यलाई सेवाको नियमित अनुगमन र मूल्याङ्कन गरी सेवाप्रवाहलाई अझ प्रभावकारी बनाउने उद्देश्यले यो निर्देशिका, २०६८ तर्जुमा गरिएको छ । यस निर्देशिकाले लागुऔषध नियन्त्रण ऐन, लागुऔषध नियन्त्रण राष्ट्रिय नीति र लागुऔषध नियन्त्रण रणनीतिको कार्यान्वयनमा उल्लेखनीय सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **'निर्देशिका'** भन्नाले लागुऔषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापन केन्द्र सञ्चालन निर्देशिका, २०६८ लाई जनाउँछ ।

(ख) **'उपचार तथा पुनःस्थापन केन्द्र'** भन्नाले जोखिम न्यूनीकरणका सन्दर्भमा लागुऔषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापना गर्ने उद्देश्यले कानुन बमोजिम दर्ता भएको संस्थालाई जनाउँछ ।

(ग) **'राष्ट्रिय नीति'** भन्नाले लागुऔषध नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारले २०६३ सालमा जारी गरेको लागुऔषध सम्बन्धी राष्ट्रिय नीति, २०६३ वा यस पछि जारी हुने लागुऔषधसम्बन्धी राष्ट्रिय नीतिलाई जनाउँदछ ।

(घ) **'रणनीति'** भन्नाले लागुऔषध नियन्त्रण ऐन, तथा लागुऔषध नियन्त्रण राष्ट्रिय नीति कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारबाट २०६६ सालमा स्वीकृत गरिएको लागुऔषध नियन्त्रणसम्बन्धी रणनीति, २०६६ लाई जनाउनेछ ।

(ङ) यो निर्देशिका नेपाल सरकार गृह मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

१. अवस्थिति र भौतिक पूर्वाधार (Layout and Physical Infrastructure) :

उपचार तथा पुनःस्थापन केन्द्रको अवस्थिति र भौतिक पूर्वाधार देहायबमोजिम हुनुपर्नेछ :

१.१ अवस्थिति : (Layout)

१.१.१ स्वास्थ्यवर्द्धक तथा शान्त वातावरण भएको स्थान हुनुपर्नेछ ।

१.१.२ औद्योगिक, वातावरणीय र सामाजिक प्रदूषणमुक्त स्थान हुनुपर्नेछ ।

१.१.३ पर्याप्त हावापानी र घाम लाग्ने स्थान हुनुपर्नेछ ।

१.१.४ सामान्यतया ३० देखि ३५ जनासम्म सेवाग्राही बस्न सक्ने गरी एक रोपनी जग्गामा बनेको कम्पाउन्डयुक्त भवन परिसर हुनुपर्नेछ ।

१.१.५ भवन प्रवेशको लागि सहज मार्ग (मोटर बाटो) को व्यवस्था हुनुपर्नेछ ।

१.२ भौतिक पूर्वाधार : (Physical Infracture)

१.२.१ पुस्तकालय, कम्प्यूटर, खेलकूद, शारीरिक व्यायाम, योगाभ्यास, जिम, ध्यान, (Mediation) एरोविक्स जस्ता क्रियाकलापहरू सञ्चालन गर्न पर्याप्त ठाउँ भएको हुनुपर्नेछ ।

१.२.२ पर्याप्त मात्रामा पानी र बत्तीको सुविधा भएको हुनुपर्नेछ ।

१.२.३ बाग बगैचा समेत भएको रमणीय परिसर हुनुपर्नेछ ।

१.२.४ आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने स्थान भएको हुनुपर्नेछ ।

१.२.५ बाहिर भाग्न नसक्ने, अपरिचित व्यक्ति सोझै भित्र प्रवेश गर्न नसक्ने सुरक्षित स्थल हुनुपर्ने ।

१.३ भवन : (Building)

उपचार तथा पुनःस्थापन केन्द्रको भवन/परिसरभित्र न्यूनतम रूपमा देहाय बमोजिमको प्रबन्ध हुनु पर्नेछ :

१.३.१ बिरामी राख्न सकिने स्वस्थ, फराकिलो र महिला तथा पुरूष अलग अलग बस्ने र सुत्ने कोठाको व्यवस्था

१.३.२ भान्छा कोठाको व्यवस्था

१.३.३ खानाखाने कोठा (Dining Hall) को व्यवस्था

१.३.४. भण्डारण कक्ष (Store) को व्यवस्था

१.३.५ कार्यालय प्रयोजनको लागि आवश्यक कोठाहरूको व्यवस्था

१.३.६ पालो पहरा घरको व्यवस्था

१.३.७ वाथरूम/शौचालयको व्यवस्था

१.३.८ प्रवचन कक्ष/पढ्ने कोठाको व्यवस्था

१.३.९  पुस्तकालय/वाचनालयको व्यवस्था

१.३.१० सफा/सुग्घर परिसर र कोठाहरू

१.३.११ आवश्यक खेल सामग्रीहरू, टेलिभिजनको व्यवस्था

२. सुरक्षा, जनशक्ति र प्रशासन : (Security, Human Resources and Administration)

उपचार तथा पुनःस्थापन केन्द्रमा देहाय बमोजिमको सुरक्षा, जनशक्ति र प्रशासनको व्यवस्था हुनुपर्नेछ ।

२.१ सुरक्षा : (Security)

२.१.१ बिरामी र बिरामी बस्ने घर/भवन र परिसरको भरपर्दो सुरक्षाको व्यवस्था भएको हुनुपर्नेछ ।

२.१.२ चौबिसै घण्टा पालो पहराको व्यवस्था हुनुपर्नेछ ।

२.१.३ बिरामीको मनोवैज्ञानिक सुरक्षाको प्रत्याभूति भएको हुनुपर्नेछ ।

२.१.४ बिरामीहरूको भेटघाट, व्यक्तिगत सम्पर्क र न्यूनतम/आधारभूत मानव अधिकारको आधारमा सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

२.२ जनशक्ति : (Man power)

२.२.१ व्यवस्थापक/कार्यकारी प्रमुख/कार्यक्रम संयोजक/कार्यक्रम संचालक

२.२.२ प्रशासन/लेखा सहायक

२.२.३ सामाजिक कार्यकर्ता/सामाजिक परिचालक (महिलाहरूलाई र पूर्व लागुऔषध प्रयोगकर्तालाई प्राथमिकता दिनुपर्ने)

२.२.४ पाले/कार्यालय सहयोगी

२.२.५ भान्छे/बगैचा सहयोगी/सरसफाई सहयोगी

२.३ प्रशासन : (Administration)

२.३.१ लागुपदार्थ दुर्व्यसन उपचार केन्द्र स्थापना र सञ्चालन गर्नको लागि गृह मन्त्रालय, लागुऔषध  नियन्त्रण शाखामा आवद्धता गराई प्रमाणपत्र लिनु पर्नेछ ।

२.३.२ यसअघि सञ्चालनमा रहेका उपचार तथा पुनःस्थापन केन्द्रहरूले समेत गृह मन्त्रालय, लागुऔषध  नियन्त्रण शाखामा यो मापदण्ड लागु भएको ३ महिनाभित्र आवद्धता गराउनु पर्नेछ ।

२.३.३ सुधार गृहको रूपमा यस्ता केन्द्रहरूको कानुनी, नैतिक, सामाजिक, पारिवारिक र व्यक्तिगत सम्पर्क सम्बन्धी जिम्मेवारी संस्था र संस्थापकहरूको हुनेछ ।

२.३.४ सेवाको प्रभावकारिताको लागि प्रत्येक उपचार तथा पुनःस्थापन केन्द्रले आफ्नो सेवाको प्रकृतिको आधारमा नागरिक वडापत्र राख्नु पर्नेछ ।

## ३. हेरचाह, उपचार र परामर्श : (Care, Treatment and Counseling)

उपचार तथा पुनःस्थापना केन्द्रमा देहाय बमोजिमको हेरचाह, उपचार र परामर्शसम्बन्धी व्यवस्था हुनुपर्नेछ ।

३.१ विज्ञ र जनशक्तिको व्यवस्था ।

३.१.१ चिकित्सक (Medical Doctor/Physician)

३.१.२ मनोवैज्ञानिक (Psychiatrist)

३.१.३ परामर्शदाता (Counselor) (त्रि.वि.वि. मनोविज्ञान विभागबाट स्वीकृति प्राप्त संस्थाबाट तालिम लिएको हुनुपर्नेछ)

३.१.४ उपचार तथा परामर्श सहयोगीहरू, स्वास्थ्य सहायक/मनोविज्ञ/अक्युपंचरिष्ट/ध्यान प्रशिक्षक/योग प्रशिक्षक/आयुर्वेद विज्ञ/नर्स)

३.२ प्रचलित उपचार पद्धतिहरूमध्ये लागत प्रभावी (Cost effective) र प्रभावकारी उपचार पद्धति अपनाउन सकिनेछ ।

३.२.१ उपचार तथा परामर्श सेवाको क्रममा सम्बन्धित बिरामी र निजको परिवारबीच निरन्तर सम्पर्क र भेटघाटको व्यवस्था गराउने र सेवालाई परिवारमैत्री बनाइनु पर्नेछ ।

३.२.२ उपचारको लागि स्थानीय अस्पताल वा स्वाथ्य चौकीमा सिफारिस (Refer) गरिएका बिरामीहरूको उपचार ती संस्थाहरूले प्राथमिकताका साथ गर्नुपर्नेछ ।

३.२.३ मनोवैज्ञानिक र परामर्शदाताले सेवा प्रदायकको रूपमा कार्य गर्न देहाय बमोजिमको संयन्त्रबाट पूर्वस्वीकृति लिनु पर्नेछ ।

| | |
|---|---|
| (क) स्वास्थ्य सेवा विभागका वरिष्ठ स्वास्थ्य प्राविधिक | संयोजक |
| (ख) त्रिभुवन विश्वविद्यालयका मनोविज्ञ | सदस्य |
| (ग) गृह मन्त्रालय लागुऔषध नियन्त्रण शाखाका अधिकृत | सदस्य सचिव |

३.२.४ उपचार केन्द्रमा बिरामीको अवस्था हेरी उपयुक्त एवं न्यूनतम क्यालोरी पुग्ने पौष्टिक आहारको व्यवस्था हुनुपर्नेछ ।

३.२.५ उपचार कार्यमा चिकित्सक/न्यूनतम योग्यता पुगेको विज्ञको सिफारिसमा मात्र उपयुक्त औषधी उपलब्ध गराइनेछ ।

३.२.६ उपचार केन्द्रमा सेवा दिने चिकित्सक, परामर्शदाता (Counselor) हरूको सेवा दिने समय (Working Hour) आवश्यकता अनुसार पूर्ण वा आंशिक पनि हुनेछ ।

३.२.७ लागुऔषध प्रयोगकर्ताहरूको लागि उपचार विधि र समय उपचार तथा पुनःस्थापनाकेन्द्रले निर्धारण गर्नेछ ।

४. अनुगमन र उत्तरदायित्व (Monitoring and Accountability/Responsibility)

४.१ उपचार तथा पुनःस्थापन केन्द्रले दिएको सेवाको जिल्ला अनुगमन तथा समन्वय समितिको कार्यमा प्रभावकारिता ल्याउन देहाय बमोजिमको एक **केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति** रहनेछ :

| | |
|---|---|
| (क) मुख्य लागुऔषध नियन्त्रण अधिकारी वा निजले तोकेको अधिकारी | संयोजक |
| (ख) स्वास्थ्य मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) सेवा प्रदायकहरूमध्ये (जेष्ठ र सक्रिय) बाट दुईजना विज्ञ | सदस्य |
| (घ) रिकभरिङ्ग नेपालको प्रमुख | सदस्य |
| (ङ) महिला उपचार तथा पुनःस्थापना केन्द्रमध्येबाट एक जना महिला प्रतिनिधि | सदस्य |
| (च) गृह मन्त्रालय, लागुऔषध नियन्त्रण शाखाका उप-सचिव | सदस्य-सचिव |

केन्द्रीय अनुगमन तथा समन्वय समितिको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

४.२ उपचार तथा पुनःस्थापना केन्द्रले दिएको सेवाको प्रभावकारिता अनुगमन तथा समन्वय गर्न निम्न अनुसारको एक **जिल्ला अनुगमन तथा समन्वय समिति** रहनेछ :

| | |
|---|---|
| क. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको एक जना प्रतिनिधि | - संयोजक |
| ख. सम्बन्धित जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| ग. जिल्ला अस्पतालको प्रमुख | - सदस्य |
| घ. अभिभावकमध्येबाट प्र.जि.अ.ले मनोनयन गरेका तीनजना | - सदस्य |
| ङ. स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि | - सदस्य |
| च. स्थानीय गा.वि.स/न.पा. को प्रतिनिधि | - सदस्य |
| छ. जिल्लास्थित क्रियाशील उपचार तथा पुनःस्थापन केन्द्रमध्ये प्र.जि.अ.बाट मनोनित तीन जना प्रतिनिधि | - सदस्य |

ज. जिल्ला जनस्वास्थ्य कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य सचिव

जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक प्रत्येक तीन/तीन महिनामा बस्नेछ ।

४.३ उपचार तथा पुनःस्थापना केन्द्रले आफ्नो कार्य प्रगति (६/६ महिनाको) प्रतिवेदन गृह मन्त्रालय, लागुऔषध नियन्त्रण शाखामा पेश गर्नु पर्नेछ ।

४.४ सञ्चालन भइरहेका यस्ता उपचार तथा पुनःस्थापन केन्द्रले निर्देशिकामा उल्लिखित प्रावधानको पूर्णरूपमा पालना र कार्यान्वयन गर्नु पर्नेछ । कार्यान्वयनको स्थिति सम्बन्धमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको स्थानीय जनस्वास्थ्य/जिल्ला अस्पतालको अधिकृत प्रतिनिधि र जिल्ला प्रशासनको अधिकृत प्रतिनिधि समेतको टोलीले त्यस्तो उपचार तथा पुनःस्थापना केन्द्रको प्रत्येक ६/६ महिनामा निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन गृह मन्त्रालय लागुऔषध नियन्त्रण शाखामा पेश गर्नु पर्नेछ ।

५. क्षतिपूर्तिसम्बन्धी व्यवस्था (Compensation)

५.१ उपचार तथा पुनःस्थापन केन्द्रमा रहेका बिरामीहरूको उपचारको क्रममा केन्द्रको लापरवाही वा हेलचेक्रयाइँको कारणले मानसिक वा शारीरिक क्षति पुगेमा वा भएमा सम्बन्धित संस्था वा सञ्चालक जिम्मेवार हुनेछन् ।

५.२ पीडित व्यक्तिलाई मानसिक वा शारीरिक क्षति पुगेनपुगेको विषयमा जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला अस्पतालका चिकित्सक, उपचारमा संलग्न मनोवैज्ञानिक तथा पीडितका अभिभावक समेतको छानबिन समितिले प्रचलित कानुनको अधीनमा रही क्षतिपूर्तिको विवरण सहितको प्रतिवेदन पेश गर्नेछ ।

५.३ क्षतिपूर्तिको रकम देहाय बमोजिमको त्रिपक्षीय सहमतिको आधारमा प्रचलित कानुन बमोजिम निर्धारण गरिनेछ ।

(क) जिल्ला अनुगमन तथा समन्वय समितिको प्रतिनिधि

(ख) सम्बन्धित उपचार तथा पुनःस्थापन केन्द्रका प्रमुख वा निजले तोकेको प्रतिनिधि

(ग) पीडित वा निजको अभिभावक

क्षतिपूर्तिको विषयमा उपरोक्तानुसार सहमति जुटन नसकेमा कारणसहित केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिवेदन गर्नुपर्नेछ । सो को टुङ्गो केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले प्रचलिन कानुन बमोजिम लगाउनेछ ।

६. सेवा शुल्क : (Service Charge)

६.१ उपचार तथा पुनःस्थापन केन्द्रले हेरचाह, उपचार तथा परामर्श सेवाको लागि लिने अधिकतम सेवा शुल्कको सीमा निर्धारण उपचार तथा परामर्श सेवा वापत लाग्ने लागत र खर्चका आधारमा जिल्ला समन्वय समितिको सिफारिस बमोजिम **केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति**बाट स्वीकृत गराई लागु गर्नु पर्नेछ । सेवा शुल्कको पुनरावलोकन आवश्यकतानुसार केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिले गर्नेछ ।

७. आर्थिक कारोवार : (Financial Activity)

७.१ उपचार तथा पुनःस्थापना केन्द्रको आर्थिक कारोबार एवं लेखा सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ ।

८. प्रोत्साहन र पुरस्कार : (Incentive and Reward)

८.१ हेरचाह, उपचार तथा पुनःस्थापन केन्द्रको कार्यसम्पादन स्तर सन्तोषजनक पाइएमा त्यस्ता उपचार तथा पुनःस्थापन केन्द्रको लागि प्रशंसा-पत्र, कदर-पत्र, आर्थिक सहायता लगायतका सहयोग उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिइनेछ ।

८.२ उपर्युक्त बमोजिमको सहायता उपलब्ध गराउने कारबाहीको प्रक्रिया जिल्ला अनुगमन तथा समन्वय समितिको सिफारिसको आधारमा अघि बढाइनेछ ।

९. आवद्धता खारेजी : (Affiliation Quit)

९.१ उपचार तथा पुनःस्थापना केन्द्रले जानाजान वा लापरवाहीपूर्वक निर्देशिकामा उल्लिखित प्रावधानको उल्लंघन गरेको प्रमाणित भएमा त्यस्तो उपचार तथा पुनःस्थापन केन्द्रको खारेजी प्रचलित कानुनबमोजिम हुनेछ ।

१०. विविध : (Miscellaneous)

१०.१ यो निर्देशिका लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको हो ।

१०.२ यो निर्देशिकाको पुनरावलोकन आवश्यकताअनुसार गरिनेछ ।

१०.३ यो निर्देशिकाको कार्यान्वयन उपचार तथा पुनःस्थापना केन्द्रको कार्य प्रभावकारिता बढाउने सन्दर्भमा केन्द्रित रहनेछ ।

१०.४ यो निर्देशिका लागु हुनुपूर्व स्थापित उपचार तथा पुनःस्थापन केन्द्रहरूमा भए गरेका कार्यहरू यसै निर्देशिकाद्वारा भए गरेको मानिनेछ ।

१०.५ यो निर्देशिकामा उल्लिखित प्रावधान कार्यान्वयन गर्दा उपचारका लागि आउने बिरामीहरूको गोपनीयताको पक्षमा विशेष ध्यान दिइनेछ । यो निर्देशिकाको कार्यान्वयन गर्दा व्यक्तिको मानवाधिकारको पूर्ण सम्मान र पालना गरिनेछ ।

११. (क) यो निर्देशिका लागु हुनुपूर्व स्थापित उपचार तथा पुनःस्थापन केन्द्रहरूमा भए गरेका कार्यहरू यसै निर्देशिकाद्वारा भए गरेको मानिनेछ ।

(ख) यो निर्देशिका लागु भएपछि मिति २०६०/६/२६ को (मन्त्रिस्तरीय) निर्णय अनुसार लागु गरिएको उपचार तथा पुनःस्थापन केन्द्रको मापदण्ड, २०६० स्वतः खारेज हुनेछ ।